अनुसूची २

(दफा ४ तथा अनुसुचि -१ को भाग २ सँग सम्वन्धि)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ३ मिति : २०८१/०२/०१

भाग -२

चन्द्रपुर नगरपालिका

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (Gender Focal Person) को काम, कर्तव्य र अधिकार २०८१

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०८१/०१/१३

प्रमाणित मिति : २०८१/०१/१४

चन्द्रपुर नगरपालिकाको हरेक क्रियाकलाप, सेवासुविधा र संस्थागत व्यवस्थामा लै.स.सा.स. मूलप्रवाहीकरण गर्न वकालत गर्ने, बहस गर्ने, क्षमता अभिबृद्धि गर्ने, प्राविधिक सहयोग गर्ने र आवश्यकता अनुसार कार्यालय संघ संस्था सगठन गठित समिति, समूह वा टिममा सक्रिय सहभागी भई लै.स.सा.स. मूलप्रवाहीकरणका मुद्धामाथि सवाल उठाउने र समाधान गर्न लै.स.सा.स. मूलप्रवाहीकरण गर्न आवश्यक कार्य गर्न साथै लै.स.सा.स. सुनिश्चितताको लागि सूचकमा आधारित अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन गर्दै कार्य प्रभावकारीता ल्याउन र नेतृत्वदायी भुमिका अवलम्बन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (Gender Focal Person) को काम,कर्तव्य र

Scanned with CamScanner

अधिकार को कार्यान्वयन गर्न वान्छनीय भएकाले चन्द्रपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता तर्जुमा गरेको छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (Gender Focal Person) को काम, कर्तव्य र अधिकार २०८१

चन्द्रपुर नगर पालिकाले व्यवस्था गरेको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाईमा कार्य गर्ने गरी सम्पर्क व्यक्ति **(Gender Focal Person)** को व्यवस्था गरिएको छ। सम्पर्क व्यक्तिले पालिकाको संस्थागत रुपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाईको प्रतिनिधित्व गर्नेछ। सो व्यक्तिको काम कर्तव्य र अधिकार यस प्रकारको हुनेछ।

१.पालिकाको हरेक क्रियाकलाप, सेवासुविधा र संस्थागत व्यवस्थामा लै.स.सा.स. मूलप्रवाहीकरण गर्न वकालत गर्ने, बहस गर्ने, क्षमता अभिबृद्धि गर्ने, प्राविधिक सहयोग गर्ने र आवश्यकता अनुसार गठित समिति, समूह वा टिममा सक्रिय सहभागी भई लैससास मूलप्रवाहीकरणका मुद्धाका वा सवाल उठाउने र समाधान गर्न पहल गर्ने,

२.लै.स.सा.स. मैत्री पालिकाको संस्थागत व्यवस्था, सदृदीकरण र विस्तार गर्न पहल गर्ने,

३. लै.स.सा.स मैत्री पूर्वाधार विकास गर्न सहयोग गर्ने,

४. लैंङ्गिक उत्तरदायी र समावेशी वातावरण प्रवद्र्धन गर्न आचार संहिता तयार गरि कार्यान्वयन गर्ने,

५. लै.स.सा.स. विश्लेषण गरी समस्याहरु निर्कौल गरी पहिचान भएका समस्या समाधान गर्न सहयोग गर्ने,

६. लै.स.सा.स. उत्तरदायी सेवा प्रवाह गर्न सबै शाखा, र कार्यालयहरु संघ संस्था संग आवश्यक सहकार्य गर्ने,

७. लै.स.सा.स.मूलप्रवाहीकरण गर्न मानवीय श्रोतको विश्लेषण गरी आवश्यक जनशक्ति तयार पार्न योजना तथा बजेटको व्यवस्था सहित क्षमता विकास कार्य गर्ने,

८. पालिकाले तर्जुमा गर्ने नीति, ऐन, कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजना, पाश्र्वचित्र र अन्य प्रकाशन वा दस्तावेजमा लै.स.सा.स.का विषयवस्तुहरु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक विषयवस्तुमा सल्लाह–सुझाव दिनुका साथै प्राविधिक सहयोग गर्ने,

९. पालिकामा खण्डीकृत तथ्यांकको व्यवस्था गर्न, समयानुकुल अद्यावधिक गर्न र सोको प्रयोग गरी योजनाहरु तयार पार्न प्राविधिक सहयोग गर्ने,

Scanned with CamScanner

०.पालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या विश्लेषण गरी प्रमाण र तथ्याङ्कका धारमा लैंङ्गिकतामा आधारित विभेद, हिंसा, विपन्नता र गरिवीको समस्या समाधान गर्न लैङ्गिक त्तरदायी योजना तथा बजेट बनाउन प्राविधिक सहयोग गर्ने,

१.पालिकाको सेवा महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत समुदाय सम्म पुर्याउन हल गर्ने साथै ती वर्गहरुको विकासका कार्यक्रमहरुमा पहुँच र फाइदा वितरणमा सुनिश्चितता ल्याउन तृत्वदायी भूमिका खेल्ने,

२.पालिकाको लैससासको अवस्था विश्लेषण गरी योजना तर्जुमा, कार्यान्वयन, निरीक्षण, मूल्याङ्कन, र मीक्षा बैठकहरुमा छलफल गरी समाधानका उपायहरु निकाल्ने,

१३.लै.स.सा.स.का तथ्याङ्क संकलन तथा प्रतिवेदन तयार गरी सबै सरोकारवालाहरुलाई सचेत गराउने,

१४.लै.स.सा.स.मा कार्य गर्ने अरु संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरि लै.स.सा.स. एकीकरण गर्न मूहगत रुपमा कार्य गर्ने,

१५. लै.स.सा.स. परीक्षण गर्न नेतृत्वदायी भूमिका खेल्ने र सुधारका कार्ययोजना र बजेट तयार गरी ार्यान्वयन गर्ने/गराउने,

ी माथिको कार्य विवरण अनुसार कार्य गर्न पूर्ण अधिकार दिईने छ साथै कार्य भए/नभएको मूल्याङ्कन बार्षिक पमा गरिनेछ।

**आज्ञाले**

किरण निधी तिवारी

प्रमुख प्रशासकीय अधिकृत

किरण निधि तिवारी

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner